असल संस्कार र समृद्धिका लागि एनएमसी

# नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

कर्पोरेट कार्यालय : मेचीनगर-६, प्रदेश नं १

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

*प्रथमपटक प्रकाशित मिति :२०७९।१२।०९*

संस्थाद्वारा सञ्चालित बचत तथा ऋण व्यवसाय अन्तर्गत **केरखा सेवाकेन्द्रमा** संस्थाको कर्पोरेट मानव संसाधन व्यवस्थापन सम्बन्धी आन्तरिक कार्यविधि २०७६ (संशोधन २०७९) र बचत तथा ऋण व्यवसायको मानव संसाधन सम्बन्धी आन्तरिक कार्यबिधि २०७९ बमोजिम निम्न रिक्त पदमा खुला प्रतिस्पर्धाद्वारा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

**तपसिल :**

**पद : कार्यालय सहयोगी पाँचौं :**

| क्र.सं. | विज्ञापन नं. | संख्या |
|---|---|---|
| १ | ५५(२०७९।०८०) खुला | १ (एक जना) |

**(क) छनोट प्रक्रियाका आधारहरु :**

| क्र.स. | विवरण | अंकभार | कैफियत |
|---|---|---|---|
| १. | लिखित परीक्षा | ४० | वस्तुगत ३०, विषयगत १० |
| २. | अनुभव | ५ | |
| ३. | स्थानियता | ५ | |
| ४. | मोटरसाइकल/स्कुटरको सवारी चालक अनुमति पत्र | ५ | |
| ५. | शारीरिक तन्दुरुस्ती | ५ | |
| ६. | मौखिक अन्तर्वार्ता | ४० | |
| | **पूर्णाङ्क** | **१००** | |

**(ख) लिखित परीक्षाका लागि पाठ्यक्रम : ४० अंक**

| **क्र.सं.** | **वस्तुगत पाठ्यक्रम विवरण** | **३० अंक** |
|---|---|---|
| १ | एसईई वा सो सरहको पाठ्यक्रम | १५ |
| २ | समसामयिक सामान्यज्ञान | १० |
| ३ | नेपाल बहुउद्देश्यीय सहकारी संस्था विशेष | ५ |
| **क्र.सं.** | **विषयगत पाठ्यक्रम विवरण** | **१० अंक** |
| १ | निवेदन लेखन | ५ |
| २ | अनुच्छेद लेखन (तोकिएको विषयमा) | ५ |

**(ग) अन्य**

- **परीक्षाको किसिम** : लिखित परीक्षा र अन्तर्वार्ता हुनेछ ।
- **परीक्षा मिति, परीक्षा केन्द्र** : संस्थाको वेबसाइट www.nmc.coop.np मा र कार्यालयको सूचनापाटीमा पछि प्रकाशन गरिने छ ।

- **दरखास्त दस्तुर** : रु.२००।- (दुईसय)
- **दरखास्त दिने अन्तिम मिति** : मिति २०७९ चैत्र १५ गते बुधबारसम्म ।
- **उम्मेद्वारको उमेरको हद (महिला/पुरुष)** : दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने छ ।
- **पदमा रही गर्नुपर्ने कामको विवरण** : संस्थाले तोकेको जिम्मेवारीसँग सम्बन्धित कार्यविवरण (JD) अनुसार ।
- **सेवा सुविधा** : संस्थाको नियम अनुसार
- **आवश्यक न्यूनतम शैक्षिक योग्यता** : एसईई वा सोसरह
- **सेवाको प्रकृति** : करार
- आवेदकहरुले संस्थाले तोकेको दरखास्त फारम भरी न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपि, नागरिकताको प्रतिलिपि पासर्पोट साइजको ३ प्रतिफोटो , व्यक्तिगत विवरण (Bio-Data) र हस्तलिखित निवेदन, परीक्षा दस्तुर बुझाएको जम्मा भौचर नेपाली रेकर्ड फाइलमा संलग्न राखि **केरखा** सेवाकेन्द्र बुझाउनु पर्नेछ ।
- तोकिएको म्यादभित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगेको वा अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकार गरिने छैन ।
- कार्यालय सहयोगि पदमा रही काम गरेको अनुभव र तालिमका प्रमाणहरू भएमा दरखास्त फारमसगै पेश गर्नु पर्नेछ ।
- विदेशबाट शैक्षिक योग्यता हासिल गरेको भए समकक्षताको प्रमाण अनिवार्य पेस गर्नु पर्नेछ ।
- संस्थाको कर्पोरेट मानव संसाधन व्यवस्थापन सम्बन्धी आन्तरिक कार्यविधि २०७६ (संशोधन २०७९) बमोजिम सञ्चय कोष, ग्रेड, उपदान, साधारण भत्ता, बोनस र सञ्चिती बिदा लगायतका अतिरिक्त सुविधा प्रदान गरिने छ ।
- आवेदन शुल्क संस्थाको वित्तीय व्यवसाय अन्तरगत प्रधान कार्यालयको बचन हि.न.०९९५३००००००६३ NMC SEWA AAYOG खातामा जम्मा गरी जम्मा भौचर आवेदन फायलमा अनिवार्य राख्नु पर्नेछ ।
- तोकिएबमोजिमको दरखास्त शुल्क बुझाएपछि मात्र फारम रुजु लगायत अन्य प्रक्रिया अघि बढाइनेछ ।
- उम्मेद्वारले तिरीसकेको आवेदन दस्तुर फिर्ता हुने छैन ।
- अन्तिम छनोटमा परेका उम्मेद्वारहरूले संस्थाले तोकेअनुसारको धितो धरौटीको व्यवस्था गर्नुपर्नेछ ।
- उत्तीर्ण परीक्षार्थीले नियुक्ति लिनुपूर्व स्वास्थ्य परीक्षण तथा प्रहरी रिर्पोट, स्थायी लेखा नम्बर अनिवार्य पेस गर्नु पर्नेछ ।
- सेवा अवधिको पहिलो ६ महिनालाई परीक्षणकाल मानिनेछ । कार्यसम्पादन मूल्याङ्कनका आधारमा करार अवधि थप गर्न सकिने छ ।
- परीक्षाको नतिजा प्रकाशन संस्थाको आधिकारिक वेबसाइट (www.nmc.coop.np) बाट र कार्यालयको सूचनापाटीमा सार्वजनिक गरिनेछ ।

**पुनश्च : अनावश्यक सिफारिसले आवेदकको योग्यता माथि प्रश्न चिन्ह खडा हुने हो कि ?**

**थप जानकारीका लागि :**

**एनएमसी केरखा सेवाकेन्द्र (९८५२६८९४७८)**

**-कर्पोरेट मानव संसाधन विभाग**